स्थानीय सरकार
**लुम्बिनी साँस्कृतिक नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
**रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

| **लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देहीद्वारा प्रकाशित** | | |
|---|---|---|
| खण्डः १० | संख्याः १ | मितिः २०८३/०१/१६ |

भाग-२

**लुम्बिनी साँस्कृतिक नगरपालिका**

लुम्बिनी साँस्कृतिक नगरपालिकाको बुद्ध जन्मस्थल लुम्बिनी र बुद्ध परिपथको पर्यटन प्रवर्द्धन र विकासका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वय, सहकार्य, सम्बन्ध विस्तार एवं सहयोग र अनुभवको आदान प्रदान सम्बन्धी कार्यविधी, २०७७, दोस्रो संशोधन स्वीकृत मिति २०८३/०१/१६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम लुम्बिनी साँस्कृतिक नगरपालिका नगर कार्यपालिकाबाट पारित गरी सर्वसाधारणको जानकारीका लागि कार्यविधि प्रकाशित गरिएको छ।

## बुद्ध जन्मस्थल लुम्बिनी र बुद्ध परिपथको पर्यटन प्रवर्द्धन र विकासको लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वय, सम्बन्ध विस्तार, सहकार्य एवं सहयोग र अनुभवको आदान प्रदान सम्बन्धी कार्यविधी (दोस्रो संशोधन), २०८३

**प्रस्तावनाः** विश्व शान्तिका महानायक भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनी एवं संसारको सर्वोच्च शिखर सगरमाथाको देश भनेर नेपाललाई विश्व सामु चिनाउने, बुद्धको मार्गदर्शन र शान्तिको सन्देश विश्वभर फैलाउने, लुम्बिनी क्षेत्र र नेपालको राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्ने, लुम्बिनी साँस्कृतिक नगरपालिका तथा बुद्धसँग सम्बन्धित बुद्ध परिपथका पालिकाहरूको पर्यटन, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक लगायत विविध क्षेत्रको समग्र विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग र अनुभवको आदान प्रदान गर्ने, राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा समन्वय, सम्बन्ध विस्तार सहकार्यमार्फत आर्थिक एवं प्राविधिक सहयोग र अनुभवको आदानप्रदान

गर्न वाञ्छनिय देखिएकोले "बुद्ध जन्मस्थल लुम्बिनी र बुद्ध परिपथको पर्यटन प्रवर्द्धन र विकासका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वय, सम्बन्ध विस्तार, सहकार्य एवं सहयोग र अनुभवको आदान प्रदान सम्बन्धी कार्यविधी, २०८३" जारी गरिएको छ।

## परिच्छेद १

(१) **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधीको नाम लुम्बिनी साँस्कृतिक नगरपालिकाको "बुद्ध जन्मस्थल लुम्बिनी र बुद्ध परिपथको पर्यटन प्रवर्द्धन र विकासका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वय, सम्बन्ध विस्तार, सहकार्य एवं सहयोग र अनुभवको आदान प्रदान सम्बन्धी कार्यविधी (दोस्रो संशोधन), २०८३" रहेको छ। यो कार्यविधी नगरकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

(२) **परिभाषा**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

क) "कार्यविधि" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको "बुद्ध जन्मस्थल लुम्बिनी र बुद्ध परिपथको पर्यटन प्रवर्द्धन र विकासका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वय, सम्बन्ध विस्तार, सहकार्य एवं सहयोग र अनुभवको आदानप्रदान सम्बन्धी कार्यविधी (दोस्रो संशोधन), २०८३" सम्झनुपर्दछ।

ख) "कार्यपालिका" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनुपर्दछ।

ग) "नगरपालिका" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकालाई सम्झनु पर्दछ।

घ) "संविधान" भन्नाले नेपालको संविधानलई सम्झनुपर्दछ।

ङ) "सहकार्य र सह-सम्बन्ध कायम संस्था" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी एवं नेपालको विकासमा सहयोग गरिरहेका र नगरपालिकासँग संस्थागत सम्बन्ध कायम भएका र नगरपालिकासँग संस्थागत सम्बन्ध कायम हुने जुनसुकै राष्ट्रिय/अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संघ-संस्थालाई सम्झनुपर्दछ।

च) "भगिनी सम्बन्ध र सह-सम्बन्ध कायम पालिका वा सिटी" भन्नाले लुम्बिनी साँस्कृतिक

नगरपालिकासँग भगिनी सम्बन्ध र सह-सम्बन्ध कायम भएका र भगिनी सम्बन्ध वा सह-सम्बन्ध कायम हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय पालिका वा सिटीलाई सम्झनु पर्दछ।

छ) "पर्यटन तथा समन्वय शाखा" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिका नगरकार्यपालिकको कार्यालयमा स्थापित पर्यटन तथा समन्वय शाखालाई सम्झनु पर्दछ।

ज) "सहायक अधिकृत / समन्वय अधिकृत" भन्नाले पर्यटन तथा समन्वय शाखामा कार्यरत सहायक अधिकृत / अधिकृतस्तरको कर्मचारी सम्झनु पर्दछ।

झ) "शाखा प्रमुख" भन्नाले जिम्मेवारी तोकी कार्यालयको तलब भत्ता पाउने गरी पर्यटन तथा समन्वय शाखाको काम गर्न खटाईएको स्थानीय निजामती सेवामा कार्यरत स्थायी कर्मचारी/करार सेवा वा परामर्श सेवामार्फत नियुक्त गरिएको प्रमुखलाई सम्झनु पर्दछ।

ञ) "समन्वयकर्ता" भन्नाले लुम्बिनी एवं बुद्ध परिपथको पर्यटन प्रवर्द्धन र विकासका लागि जिम्मेवारी तोकी राष्ट्रिय / अन्तर्राष्ट्रियस्तरमा समन्वय र सम्बन्ध विस्तार गर्न खटाईएको करार वा परामर्श सेवामार्फत नियुक्त गरिएको व्यक्तिलाई सम्झनु पर्दछ।

ट) "सहकार्य र सह-सम्बन्ध कायम संस्थाका पदाधिकारी" भन्नाले यस नगरपालिकासँग सह-सम्बन्ध स्थापना भएका संस्थाका पदाधिकारी र नगरपालिकासँग संस्थागत सम्बन्ध कायम हुने सरकारी तथा गैरसरकारी संघ-संस्थाका पदाधिकारीहरूलाई सम्झनु पर्दछ।

ठ) "सहकार्य पालिका/सिटी" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिका र बुद्धसँग सम्बन्धित संस्थागत सह-सम्बन्ध वा भगिनी सम्बन्ध कायम भएका पालिकाहरू, पर्यटन प्रवर्द्धनका लागि सम्बन्ध एवं सहकार्य भएका अन्य पालिकाहरू र संस्थागत सम्बन्ध कायम हुने राष्ट्रिय / अन्तर्राष्ट्रिय पालिका/सिटीहरू सम्झनु पर्दछ।

## परिच्छेद –२

(३) **समन्वय र सहकार्यमा भएका प्रयासलाई संस्थागत गरिने**:

(१) नेपाल, लुम्बिनी र अन्तर्राष्ट्रिय संघ-संस्थाहरू बीच रहेको कुटनैतिक सम्बन्धलाई थप मजबुत गराउन, नेपालको शिक्षा, स्वास्थ्य, कृषि, लुम्बिनी र नेपालको पर्यटन, उद्योग, खेलकुद, फोहोरमैला व्यवस्थापन लगायतका क्षेत्रहरूमा आर्थिक एवम प्राविधिक सहयोग र अनुभवको आदानप्रदान गर्न विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय नगरपालिका/सिटी/संघ/संस्थासँग सम्बन्ध

विस्तार सहकार्य गर्न भएका प्रयासलाई क्रमिक रूपमा थप संस्थागत गर्दै लगिनेछ र निरन्तरता दिइनेछ।

(४) **समन्वय र सम्बन्ध विस्तारको कार्यलाई प्राथमिकतामा राखिने:**

(१) राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोग र सहकार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाउन लुम्बिनी साँस्कृतिक नगरपालिकाको राष्ट्रिय र अन्तर्राष्ट्रिय समन्वय र सम्बन्ध विस्तार सम्बन्धी नीति र रणनीतिलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रममा समावेश गरी आवश्यक श्रोत साधनको व्यवस्थापनमार्फत विस्तार गरिनेछ र सो अनुसारका कार्यक्रम र योजना लागु गरिनेछ।

## परिच्छेद ३

### सहकार्य र समन्वयको निरन्तरता र उद्देश्य

(५) **सहकार्य र समन्वयलाई निरन्तरता दिइने:**

(१) लुम्बिनी साँस्कृतिक नगरपालिकाको नेतृत्वमा भगवान गौतम बुद्धसँग सम्बन्धित एवं विभिन्न पालिकाहरू र सहकार्य संस्थाबीच संस्थागत रूपमा सम्बन्ध स्थापना भएको छ। आगामी दिनमा यस कार्यको निरन्तरता रहनेछ।

(२) स्थापित सम्बन्धबाट पालिकाहरूको लागि पर्यटन विकास एवं आर्थिक प्राविधिक सहयोग र अनुभव आदान प्रदानमा सहयोग पुग्नेछ। सहकार्य पालिका र संस्थाको सहयोगमा लुम्बिनीको पर्यटन प्रवर्द्धन र विकासका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोग र अनुभवको आदान प्रदानका लागि पहल र प्रयास गरिनेछ।

(३) यसैगरी अन्य अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सम्बन्ध बिस्तारबाट समग्र लुम्बिनी क्षेत्र र विषेश गरी लुम्बिनी साँस्कृतिक नगरपालिका र बुद्धसँग सम्बन्धित पालिकाहरूको एकीकृत विकासमा सहयोग पुग्ने गरी सहयोग र सहकार्य आदान प्रदान गरिनेछ।

(६) लुम्बिनी एवं बुद्ध परिपथको पर्यटन प्रवर्द्धन र विकासका लागि समन्वय, सम्बन्ध विस्तार र सहकार्यका उद्देश्यः

लुम्बिनी साँस्कृतिक नगरपालिका र अन्य राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्था/पालिका/सिटीहरूसँग सहकार्य र सम्बन्ध स्थापना गर्ने प्रमुख उद्देश्यहरू देहाय बमोजिम रहनेछन्।

१. नेपाली र विश्व नागरिकका लागि ऐतिहासिक धार्मिक र पर्यटकीय गन्तव्य बुद्ध जन्मस्थल लुम्बिनी र बुद्ध परिपथ (बुद्ध क्षेत्र) को पर्यटन प्रवर्द्धन र विकासमा सहकार्य गर्ने, विश्व शान्तिका लागि बुद्धको शान्ति सन्देश र मार्गदर्शन राष्ट्रिय / अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार गर्ने, संस्थागत सम्बन्ध विस्तार गर्ने, लुम्बिनी साँस्कृतिक नगरपालिकासँग संस्थागत सम्बन्ध कायम भएका राष्ट्रिय / अन्तर्राष्ट्रिय नगरपालिका/City, सहकार्य संस्था, बुद्ध परिपथको पर्यटन प्रवर्द्धनमा काम गर्ने संघ-संस्थासँग समन्वय, सम्बन्ध विस्तार र सहकार्य गर्ने गरी लुम्बिनी साँस्कृतिक नगरपालिकाको नेतृत्वमा विभिन्न कार्यक्रम हुँदै आएका छन् यस कार्यलाई निरन्तरता दिने र बुद्ध परिपथका नगरपालिकाहरू बीच सहकार्य गर्ने ।

२. लुम्बिनीमा अधिकतम पर्यटकहरूको आगमन मार्फत नेपाल र विशेष गरी लुम्बिनीलाई आन्तरिक र बाह्य पर्यटकहरूको भ्रमण र बसाईं लम्ब्याउनका लागि पर्यटकीय एवं धार्मिक गन्तव्य स्थलको रूपमा प्रचारप्रसार र विकास गर्ने ।

३. संसारभरि नै बौद्ध धर्म र दर्शनको महत्त्व बढ्दै गएको परिप्रेक्ष्यमा भगवान बुद्धले दिनुभएको शान्ति, अहिंसा, परोपकार, सदाचार, अपरिग्रह निर्मोह जस्ता (मैत्री, करुणा, मुदिता, उपेक्षा) सदगुण मानवहरू मात्रको लागि महत्त्वपूर्ण रहेको कुरालाई मार्गदर्शकको रूपमा विश्व मानव जगतमा स्थापित गर्ने ।

४. भगवान गौतम बुद्धको मार्गदर्शन र शान्ति मार्गचित्रको पालनाले मात्र अहिले संसारभरि नै ब्याप्त रहेको आर्थिक, सामाजिक, धार्मिक, राजनैतिक समस्या समाधान हुन सक्छ भन्ने मार्गदर्शनको प्रचारप्रसार गर्ने र नेपालमा आगमन हुने पर्यटकहरूलाई शान्ति प्राप्त गर्नको लागि भगवान गौतम बुद्ध जन्मस्थल लुम्बिनी पुगी बुद्धको शान्ति शिक्षा र ध्यान भावना अभ्यासको लागि सर्वसाधारणलाई, राष्ट्रिय/अन्तर्राष्ट्रिय नेपाली तथा विदेशी नागरिकलाई उत्प्रेरित गर्ने ।

५. विश्व शान्तिका महानायक भगवान गौतम बुद्ध जन्मस्थल लुम्बिनी र बुद्धसँग सम्बन्धित क्षेत्र कपिलवस्तु तिलौराकोट (घर), देवदह (मावली) र रामग्राम (अस्तिधातु रहेको स्थान), अन्य बुद्ध क्षेत्रको महत्त्वलाई राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्ने ।

६. लुम्बिनी साँस्कृतिक नगरपालिका भित्रका नगरबासीहरू लगायत पर्यटन व्यवसायले बुद्ध, बुद्धत्त्व, बुद्धको शान्ति शिक्षा, बौद्ध अध्यात्मिकता, बौद्ध संवेदनशीलता, पुरातात्त्विक सम्पदा, बुद्धिष्ट क्षेत्रहरू, नेपाल सरकारसँग सम्बन्धित निकाय र सरोकारवालाहरूबीच महत्त्वपूर्ण विषयमा ज्ञान र तिनको उपयोगिताले सामाजिक तथा व्यवसायिक उन्नयनमा सहयोग गर्ने र सहजीकरण गर्ने ।

७. रिक्सा वा ट्याक्सी व्यवसायी र उपहार सामग्री पसल व्यवसायी, पर्यटन व्यवसायीहरू लगायत लुम्बिनी वरिपरि रहेका मुर्त अमुर्त कला, संस्कृति, हस्तकलाहरूको ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक महत्त्वलाई उजागर गर्ने कला, हस्तकला तथा संस्कृतिलाई पर्यटनसँग जोडेर व्यवसायिक बनाउने र बजारीकरणको सुनिश्चितता प्रदान गर्ने ।

८. लुम्बिनी साँस्कृतिक नगरपालिकाभित्र रहेका बुद्ध जन्मस्थल लुम्बिनी बाहेक यस नगरक्षेत्र भित्रका विभिन्न पर्यटकीय गन्तव्य स्थलको सम्भावना बोकेका स्थानहरूको विकास र राष्ट्रिय / अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्ने ।

९. लुम्बिनी र लुम्बिनी वरिपरिको दक्ष जनशक्तिलाई बौद्ध संवेदनशीलता सहितको टूर गाइडको ज्ञान भएको टूरिष्ट गाइड तथा उद्यमीका रूपमा उत्प्रेरित गरी सीप आर्जन तथा आर्थिक अवस्था सुदृढीकरण गर्ने ।

१०. सहकार्य संस्था वा नगरपालिकाले बुद्धसँग सम्बन्धित लुम्बिनी लगायत अन्य ठाउँहरू (जस्तैः लुम्बिनी, रामग्राम, कपिलवस्तु, देवदह लगायत सम्पुर्ण बुद्ध परिपथ साथै बौद्धनाथ, स्वयम्भुनाथ) साथै बुद्धदर्शनसँग सम्बन्धित कुराहरूका माध्यमबाट राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा लुम्बिनी क्षेत्र र नेपालको प्रचारप्रसार गर्दै नेपालको पर्यटन प्रवर्द्धन र विकासका लागि नेपाल भित्र र बाहिर गरिने सम्पूर्ण परियोजना एवं कार्यक्रम, कार्यहरूमा सहकार्य गर्ने ।

११. लुम्बिनी र बुद्ध मार्फत अन्तर्राष्ट्रिय जगतमा लुम्बिनी क्षेत्रका साथै नेपालको प्रचारप्रसार गरि पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ विभिन्न देशमा निर्माण भएका र भविष्यमा निर्माण हुने बुद्धमुर्ती सहितको लुम्बिनी पार्क र विहारलाई आवश्यक समन्वय, सहकार्य र प्राविधिक सहयोग गर्ने ।

## परिच्छेद ४

### पर्यटन तथा समन्वय शाखाको स्थापना, स्रोत व्यवस्थापन र सेवाका शर्तहरू

(७) **पर्यटन तथा समन्वय शाखाको स्थापनाः**

(१) परिच्छेद ३ मा उल्लेखित उद्देश्यहरूलाई कार्यरूपमा उतार्नको लागि लुम्बिनी साँस्कृतिक नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा एक “पर्यटन तथा समन्वय शाखा” स्थापना गरिनेछ।

(२) मिति २०७४/०९/३० को नगर कार्यपालिका बैठकको निर्णय अनुसार गरिएका कार्यक्रम र क्रियाकलापहरू "पर्यटन तथा समन्वय शाखा" मार्फत् व्यवस्थित र सञ्चालन हुनेछन्। विगतमा भएका कार्यहरूलाई यसै कार्यविधि अनुसार भएको मानिनेछ।

(८) **जनशक्ति एवं स्रोत व्यवस्थापनः**

(१) पर्यटन तथा समन्वय शाखामा काम गर्नको लागि नगरपालिकाले स्वीकृत कर्मचारी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार सहायक समन्वय अधिकृत/समन्वय अधिकृत ५/६ औं कर्मचारी १ जना र समन्वयकर्ता/ सहायक चौथो १ जनासम्म कर्मचारी राख्न सक्नेछ। सहायक समन्वय अधिकृत/समन्वय अधिकृत शाखा प्रमुखको व्यवस्था नभएसम्मका लागि पर्यटन तथा समन्वय शाखामा कार्यरत कर्मचारीलाई शाखा प्रमुखको जिम्मेवारी दिन सकिनेछ। यदि अनुभवी र विज्ञ कर्मचारीको आवश्यकता परेमा स्वीकृत दरबन्दीको परिधीभित्र रहेर समन्वय र सहकार्यको क्षेत्रमा काम गरेको व्यक्तिलाई स्वीकृत दरबन्दी बमोजिम करार सेवामा निरन्तरता दिन वा कार्यरत कर्मचारीलाई परामर्श सेवा शीर्षकबाट तलब भत्ता तथा अन्य सुविधा पाउने गरी परामर्श सेवा मार्फत कर्मचारीको व्यवस्था गरेर समेत शाखा प्रमुखको जिम्मेवारी दिन सकिनेछ।

(२) शाखा प्रमुखलाई कार्यविवरण तोकी कार्यसम्पादन करार गरी पद अनुसारको कार्य जिम्मेवारी, सेवाका शर्त र सुविधा तोकी काममा लगाउन सकिनेछ।

(३) कर्मचारीहरूलाई कार्यपालिकाले प्रचलित कानुन बमोजिम परामर्श वा करारमा नियुक्त गर्नेछ। सो व्यवस्था नभएसम्म योग्यता वा अनुभव, सक्षमता पुरा गरेका बाह्य विज्ञहरूबाट परामर्श सेवा मार्फत काम गराउन सकिनेछ।

(४) पर्यटन तथा समन्यव शाखामा नियुक्त शाखा प्रमुख एवं अन्य प्राविधिक कर्मचारी र पदाधिकारीको सेवाका शर्त र सुविधा प्रचलित कानून र नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ।

(५) पर्यटन तथा समन्वय शाखाको लागि आवश्यक पर्ने भौतिक सामाग्री र सुविधाहरू जस्तै कार्यालय कोठा, फर्निचर, कम्प्युटर, इन्टरनेट आदिको व्यवस्थापन तथा आर्थिक स्रोत र बजेटको व्यवस्था नगरकार्यपालिकाको कार्यालयबाट एवं सम्बन्धित संस्थासँगको परामर्श र सहकार्यमा व्यवस्थापन गरिनेछ।

## परिच्छेद ५

**पर्यटन तथा समन्वय शाखा प्रमुख र अन्य कर्मचारीको काम, कर्तव्य र अधिकार**

(९) **शाखा प्रमुखको काम, कर्तव्य र अधिकारः**

पर्यटन तथा समन्वय शाखाको कार्य व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नको लागि यस शाखामा रहने शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क) लुम्बिनी साँस्कृतिक नगरपालिका र राष्ट्रिय/अन्तर्राष्ट्रिय नगरपालिका/City, सरकारी गैरसरकारी संघ-संस्थाबीच संस्थागत सम्बन्ध कायम भएका एवं हुने सहमति सम्झौता कार्यान्वयन, सञ्चालन हुने परियोजना र कार्यक्रम कार्यान्वयन गर्ने ।

ख) लुम्बिनी साँस्कृतिक नगरपालिका र राष्ट्रिय / अन्तर्राष्ट्रिय पालिकाबीचको सम्बन्धलाई संस्थागत, दिगो र सुमधुर बनाउन नेतृत्त्वदायी भूमिका निर्वाह गर्ने ।

ग) लुम्बिनी साँस्कृतिक नगरपालिकको राष्ट्रिय, अन्तर्राष्ट्रिय सम्बन्धलाई संस्थागत गर्ने सरोकारवाला व्यक्ति र संघ संस्थासँग समन्वय गर्ने ।

घ) लुम्बिनी साँस्कृतिक नगरपालिकासँग संस्थागत सम्बन्ध कायम भएका एवं भविष्यमा सम्बन्ध कायम हुन सक्ने राष्ट्रिय/अन्तर्राष्ट्रिय City सरकारी गैरसरकारी संघ-संस्थाबाट लुम्बिनीको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनको विकासमा प्राप्त हुन सक्ने सहयोग र सहकार्यका क्षेत्र पहिचान गरी आर्थिक प्राविधिक सहयोगको योजना/परियोजना निर्माण गर्ने, कार्यान्वयन योजना तयार गर्ने र कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्ने ।

ङ) सहकार्य संस्था वा सिटीले लुम्बिनीको अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन र विकासका लागि लुम्बिनी साँस्कृतिक नगरपालिका, विभिन्न देशमा नगरपालिका / सिटी र अन्तराष्ट्रिय संघ-संस्थाको आर्थिक र प्राविधिक सहयोगमा राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा निर्माण हुने बुद्ध गार्डेन (बुद्ध पार्क) र विहार आदिमा आवश्यक सहयोग र समन्वय गर्ने ।

च) लुम्बिनीको प्रचारप्रसार र पर्यटन प्रवर्द्धन एवं विकासका लागि काम गर्ने राष्ट्रिय / अन्तर्राष्ट्रिय सरकारी एवं गैरसरकारी संघ-संस्थासँग सहकार्य र समन्वय गर्ने ।

छ) पर्यटन तथा समन्वय शाखामा सञ्चालित कार्यक्रमको प्रतिवेदन तयार गरी नगरपालिका र सम्बन्धित संस्थामा पेश गर्ने ।

ज) नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको मातहत एवं निर्देशन अन्तर्गत रही तोकेका अन्य कार्यहरू गर्ने ।

१०. **समन्वयकर्ताको काम, कर्तव्य र अधिकारः**

क) लुम्बिनी साँस्कृतिक नगरपालिकाको पर्यटन र समन्वय, सम्बन्ध विस्तार, सहकार्य, सहयोग र आदानप्रदान नीति अनुसारका कार्य गर्ने गराउने ।

ख) लुम्बिनी एवं बुद्ध परिपथको राष्ट्रिय / अन्तराष्ट्रिय समन्वय, सम्बन्ध विस्तार, सहकार्य एवं पर्यटन पर्वद्धन र विकासका लागि लुम्बिनी साँस्कृतिक नगरपालिकासँग संस्थागत सम्बन्ध कायम भएका राष्ट्रिय / अन्तर्राष्ट्रिय पालिका एवं सहकार्य संस्थाबीच भएका र भविष्यमा हुने सहमति सम्झौताको कार्यान्वयन र सञ्चालन हुने परियोजना र कार्यक्रममा काम गर्ने ।

ग) लुम्बिनी साँस्कृतिक नगरपालिका र बुद्ध परिपथका सहकार्य पालिकाहरू कपिलवस्तु नगरपालिका, रामग्राम नगरपालिका, देवदह नगरपालिका, तिलोत्तमा नगरपालिका अन्य सहकार्य पालिका र संघ-संस्थाहरूबीचको सम्बन्धलाई संस्थागत दिगो र सुमधुर कायम गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

घ) लुम्बिनी साँस्कृतिक नगरपालिका र सहकार्य पालिका एवं संस्थाहरूको नीति नियम र निर्देशनमा रही काम गर्ने ।

ङ) लुम्बिनी र नेपालको अन्तर्राष्ट्रियस्तरमा प्रसारप्रसार गर्ने, बुद्धको मार्गदर्शन र शान्तिको सन्देश विश्वभर फैलाई लुम्बिनीको पर्यटन प्रवर्द्धन र विकासका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय नगरपालिका/City एवं सहकार्य संस्थाबीच विभिन्न कार्यक्रममा समन्वय, सहकार्य गर्ने ।

च) लुम्बिनीको पर्यटन प्रवर्द्धन र विकासका लागी अन्तर्राष्ट्रिय सहयोग र अनुभव आदानप्रदान गर्ने उद्देश्यका साथ विश्वका जुनसुकै ठाउँमा सहकार्य पालिका/City र सहकार्य संस्थाहरूद्वारा निर्माण हुने लुम्बिनी गार्डेन परियोजना/बुद्ध मन्दिर/बुद्ध पार्क र विभिन्न परियोजना, कार्यक्रममा समन्वय र सहकार्य गर्ने ।

छ) लुम्बिनी साँस्कृतिक नगरपालिकाको राष्ट्रिय /अन्तर्राष्ट्रिय समन्वय, सहकार्य, सम्बन्ध विस्तार, सहयोग र अनुभव आदान प्रदान कार्यविधि अनुसारका कार्यहरू गर्ने गराउने ।

ज) गौतम बुद्ध जन्मस्थल लुम्बिनी, बुद्धको मार्गदर्शन र शान्तिको सन्देश राष्ट्रिय / अन्तर्राष्ट्रिय स्तरमा प्रचार-प्रसार गर्ने, लुम्बिनीको पर्यटन प्रवर्द्धन र विकासमा सहयोग पुऱ्याउने एवं काम गर्ने

राष्ट्रिय / अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संघ-संस्थासँग समन्वय र सहकार्य गर्ने गराउने ।

झ) नेपाल सरकार र दात निकायको आर्थिक प्राविधिक सहयोगमा लुम्बिनी साँस्कृतिक नगरपालिकाद्वारा सञ्चालन हुने विभिन्न आयोजना/परियोजना समन्वयकर्ताको रूपमा काम गर्ने ।

ञ) नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतले तोकेका अन्य कार्यहरू गर्ने गराउने ।

१**१. अन्य कर्मचारीको काम, कर्तव्य र अधिकार**ः

पर्यटन तथा समन्वय शाखामा रहने अन्य कर्मचारीहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्ः

क) लुम्बिनी साँस्कृतिक नगरपालिका र अन्य राष्ट्रिय/अन्तर्राष्ट्रिय सरकारी, गैरसरकारी संघ-संस्था बीच भएका र हुने सहमति सम्झौता कार्यान्वयन एवं सञ्चालन हुने परियोजना र कार्यक्रम कार्यान्वयन गर्ने कार्यमा सहयोग गर्ने ।

ख) लुम्बिनी साँस्कृतिक नगरपालिका र राष्ट्रिय / अन्तराष्ट्रिय पालिकाबीचको सम्बन्धलाई संस्थागत, दिगो र सुमधुर कायम गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

ग) लुम्बिनी साँस्कृतिक नगरपालिका र राष्ट्रिय / अन्तर्राष्ट्रिय संस्थासँग भएको सम्झौता बमोजिमको निति, नियम र निर्देशनमा रही कार्य गर्ने ।

घ) आपसी सहयोगका क्षेत्रहरू पहिचान गरी सहकार्य र सहयोगको कार्य ढाँचा निर्माण गर्ने ।

ङ) नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको मातहत एवं निर्देशन र शाखा प्रमुखको समन्वय र सहकार्यमा रही कार्य गर्ने ।

च) शाखा प्रमुखले कार्यविवरणमा तोकेर दिईएका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद ६

**समितिहरू एवं प्रतिनिधी सम्बन्धी व्यवस्था**

**१२. राष्ट्रिय अन्तर्राष्ट्रिय समन्वय र सम्बन्ध विस्तार कार्यसम्पादन समितिको व्यवस्था**ः

(१) पर्यटन तथा समन्वय शाखाको कार्यलाई सहयोग एवं अनुगमन मुल्याङ्कन गर्न देहाय बमोजिम एक व्यवस्थापन एवं कार्य सम्पादन समिति रहनेछः

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) नगर उप प्रमुख | सह संयोजक |
| ख) वडा अध्यक्ष (नगर प्रमुखले तोकेको) | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) पर्यटन विज्ञ (नगर प्रमुखले तोकेको) | सदस्य |
| ङ) अन्तराष्ट्रिय विज्ञ (नगर प्रमुखले तोकेको) | सदस्य |
| च) शाखा प्रमुख | सदस्य सचिव |

(२) कार्य सम्पादन समितिका पदाधिकारी एवं विज्ञको सेवा सुविधा कामको आधारमा नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ।

**१३. सल्लाहकार समितिको व्यवस्थाः**

(१) पर्यटन तथा समन्वय शाखालाई प्रभावकारी बनाई उद्देश्य अनुसारका कार्य गर्न राष्ट्रिय / अन्तर्राष्ट्रिय अनुभव र दक्षता हासिल महानुभाव रहेको निम्न बमोजिम सल्लाहकार समिति गठन गरिनेछ। सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार एवं सेवा सुविधाहरू कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(२) सल्लाहकार समितिका संयोजक र सदस्यहरू नगर प्रमुखले मनोनित वा तोकेबमोजिम हुनेछन्।

संयोजकः

सदस्यः

सदस्यः

सदस्यः

सदस्यः

**१४. समन्वयकर्ता वा प्रतिनिधी तोक्न सक्नेः**

विश्व शान्तिका महानायक भगवान गौतम बुद्ध जन्मस्थल लुम्बिनीको राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार एवं सम्बन्ध विस्तार गरी लुम्बिनीको पर्यटन प्रवर्द्धन, आर्थिक, प्राविधिक सहयोग प्राप्ति र अनुभवको आदान प्रदानमा सहजीकरण र समन्वय गर्न एवं लुम्बिनी

साँस्कृतिक नगरपालिकाको समन्वयकर्ता वा प्रतिनिधिको रूपमा राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रमा काम गर्न अनुभव र दक्षता हासिल गरेका व्यक्ति एवं गैर आवासीय नेपाली संघ (NRNA) का सदस्यहरूलाई कार्यपालिका वा नगर प्रमुखले राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वयकर्ता वा प्रतिनिधि तोक्न सक्नेछ/सक्नु हुनेछ। समन्वयकर्ताको मासिक पारिश्रमिक एवं अन्य सेवा सुविधा नगकार्यपालिकाले तोकेअनुसार हुनेछ।

**१५. संशोधन वा खारेज गर्न सकिनेः**

यो कार्यविधीमा लेखिएको कुनै दफा उपदफाहरू खारेज वा शंसोधन गर्नुपरेमा कार्यपालिका बैठक/नगरसभाको निर्णयबाट खारेज वा शंसोधन हुनेछ।

**१६. बाधा अड्काउ फुकाउने अधिकारः**

यस कार्यविधीको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले उक्त बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधीमा परे सरह मानिनेछ।

**१७. बचाउ र लागु नहुने**

(१) यस कार्यविधीमा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ

(२) यस कार्यविधीमा लेखिएका दफा तथा उपदफाहरू संघीय ऐन र प्रादेशिक ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन्।

(३) नगरपालिकाबाट बुद्ध जन्मस्थल लुम्बिनी र बुद्ध परिपथको पर्यटन प्रवर्द्धन र विकासका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वय, सम्बन्ध विस्तार र सहकार्य भए गरिएका कार्यहरू यसै कार्यविधी बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले
तारा ज्ञवाली
प्रमुख प्रशासकिय अधिकृत